सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

वर्ष: २ | अंक : १३१ | वि.सं. २०७९ मंसिर २५ गते आइतबार | 11, 2022 Sunday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## बिबादित अवस्थामा रहेको सरकारी विद्यालयको भवन निर्माणमा जनप्रतिनिधि र राजनीतिक दलहरुबीच सहमति जुट्यो । अब समयमै निर्माण कार्य सम्पन्न हुने

**मंसिर, २४ आनन्द पटेल**
लामो समय देखि बिबादित अवस्थामा रहेको सरकारी विद्यालयको भवन अन्तत बन्ने भएको छ । बाराको परवानीपुर गाउँपालिका वडा नं ५ बहुअरी टोलमा रहेको श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको सरकारी भवन विगत २ वर्षदेखि बन्न नसक्दा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पठन पाठन निकै प्रभावित भएको छ ।

भवनको अभावमा विद्यालयमा विद्यार्थीहरुको सहभागिता दिनप्रतिदिन घटदै गएको छ। भवन



निर्माणमा तत्कालीन वडा अध्यक्षले मनपरी र कानुन विपरीत कार्य गरेकोले स्थानीय युवाहरुले निर्माण कार्य रोकी सबैको सहमतिमा काम गर्न अडान लिएको र त्यस पश्चात पटक पटक बैठक बसे पनि ठोस निर्णय नहुदा अहिलेसम्म पनि विद्यालय भवनको निर्माण कार्य शुरु हुन सकेको छैन । तर गाउँपालिका अध्यक्ष रामक्षत्री पटेलको विशेष पहल र प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह रौनियारको उपस्थितिमा आजको बैठकले विद्यालय वरिपरि रहेका ऐलानी जग्गा अधिग्रहण गरेर बसेका व्यक्तिबाट जग्गा छुट्याई विद्यालयको कम्पाउन्ड सहितको भवन निर्माण गर्ने विषयमा यहाँका जन प्रतिनिधि र राजनीतिक दलहरूबीच सहमती जुटेपछि लामो समय देखि विद्यार्थीहरुले भोग्दै आएको समस्याको निकास अब हुने भएको छ। बैठकले

बाँकी तेश्रो पृष्ठमा

## मानव अधिकार शिक्षा संचालनमा स्थानीय सरकार को भुमिका बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न




**वीरगञ्ज, २४ मंसिर ।** मानव अधिकार शिक्षा संचालनमा स्थानीय सरकारको भुमिका बिषयक अन्तरक्रिया कार्यक्रम आज सामाजिक संस्था जिल्ला समन्वय समितिको सभा हलमा सम्पन्न भएको छ।

एनसिई नेपाल पर्साको आयोजना र एसओडिसिसि पर्साको समन्वयमा सो अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले अहिले स्थानीय सरकार संचालन ऐन २०७४ ले शिक्षा सम्बन्धि व्यवस्था गरेको भएको पनि आफ्नो नगर पालिका र गाउँपालिकाको सभा बाट निति नियम पारित गर्नु पर्ने तर त्यसो नगरेकाले समस्या सिर्जना उत्पन्न भएको बताए ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले शिक्षा सम्बन्धि निति ,कानुन ,मापदण्ड ,योजना तर्जुमा ,कार्यान्वयन ,अनुगमन ,मुल्यांकन र नियमन गर्ने अधिकार स्प्ट उल्लेख

बाँकी तेश्रो पृष्ठमा

## पर्साको जिराभवानीबाट काठको गुलियासहित एकजना पक्राउ ।



वीरगन्ज । पर्साको जिराभवानी गाउँपालिकाबाट नेपाली सेनाको टोलीले छापामारी गरि काठको गुलिया सहित एकजनालाई पक्राउ गरेको छ ।

पर्सा राष्ट्रिय निकुञ्ज अन्तर्गत रहेको मध्यवर्ती क्षेत्रमा पर्ने जिराभवानी गाउँपालिका वार्ड नम्बर १ पिपरामा रहेको जय मा जगदम्बा सामुदायिक बनका उपाध्यक्ष रामप्रवेश महतो कमकरलाई पर्सा राष्ट्रिय निकुञ्ज र निकुञ्ज सुरक्षाबाट खटिएको सिद्दि बक्स गणका नेपाली सेनाको टोलिले उपाध्यक्ष कमकरको घर छापामारी गरी काठ गुलिया सहित उनलाई नियन्त्रणमा लिएको हो ।

उपाध्यक्ष कमकरले बिना इजाजत आफ्नै सामुदायिक बनबाट सिसौको रुख कटान गरी घरमा ल्याई लुकाई छिपाई राखेको अवस्थामा तीन थान सिसौको गुलिया सहित उनलाइ पक्राउ गरिएको पर्सा राष्ट्रिय निकुञ्जले जनाएको छ ।

पक्राउ परेका उपाध्यक्ष कमकर र काठको गुलिया सहित पर्सा राष्ट्रिय निकुञ्जको हिरासतमा राखेर अनुसन्धान भइरहेको पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय आधाभारका प्रमुख संरक्षण अधिकृत डा. अशोक रामले बताए ।

## बाबा बी फिल्म द्वारा न्या प्रस्तुति मुभी तकदीरको छायाङ्कन शुभ आरम्भ



रामजी यादव २४मंसिर पर्सा३बाबा बी फिल्मस प्रोडक्सन पर्सा द्वारा न्या प्रस्तुति शर्ट मुभी

बाँकी अन्तिम पृष्ठमा

## डिएभी केडिया स्कुल २९ औँ वर्षमा प्रवेश, शिक्षासहित संस्कार पनि सिक्नुपर्नेमा गुप्ताको जोड

**वीरगञ्ज, २४ मंसिर ।**
वीरगञ्जको परवानीपुरस्थित डि.ए.भी. रुकमिनी बनारसी केडिया स्कूल आजबाट २९ वर्षमा प्रवेश गरेको छ । २९ वर्षमा प्रवेश गरी ३० वर्षमा लाग्दै गरेको अवस्थामा स्कुल र स्कुल परिसरलाई सजाएर आकर्षक बनाइएको थियो । स्कुलका संस्थापक स्वर्गीय शंकरलाल केडियाको ८७ औँ जन्मजयन्ती र स्कुलको २९ औँ वार्षिकोत्सव स्कुलले भब्य कार्यक्रम गरेर मनाएको छ ।



विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ताराचन्द्र केडियाको अध्यक्षतामा सम्पन्न वार्षिकोत्सव एवम् सांस्कृतिक कार्यक्रमको उद्घाटन वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुवोध कुमार गुप्ताले गरेका थिए । स्कुलका संस्थापक एवम् बरिष्ठ उद्योगी तथा समाजसेवी स्वर्गीय शंकरलाल केडियोको तस्विरमा माल्यार्पण गर्दै अध्यक्ष डा. गुप्ताले उनको सामाजिक योगदान र व्यक्तित्वको स्मरण गरेका थिए । विद्यालय ज्ञानको पवित्र मन्दिर भएको बताउँदै डा. गुप्ताले विद्यार्थीहरुलाई शिक्षासँगै अनुशासन, ईमान्दारीता, लगनशिलता जस्ता गुणाहरु पनि सिक्नुपर्नेमा जोड दिए। किताबी ज्ञानका साथै व्यावहारिक ज्ञानले व्यक्तिलाई पूर्णता दिने उनको भनाई छ ।

शिक्षासँगै संस्कार पनि सिक्नुपर्ने आवश्यक्ता औँल्याउँदै डा. गुप्ताले भने, ‘काचो माटोलाई जुन आकार दियो, त्यस्तै बने जस्तै बालबालिकाहरुलाई पनि काचो हुँदा नै सही आकार दिनुपर्छ । जसले गर्दा उनीहरु पछि गएर समाजका उदाहरणीय पात्र बन्न सकुन् ।’ उनी थप्छन्, ‘विद्यालय विद्यार्थीको दोस्रो पाठशाला हो भने पहिलो पाठशाला घर हो । यस अर्थमा पहिला गुरु पनि अभिभावक नै हुन्। त्यसैले अभिभावहरुले पनि घरमा बालबालिकालाई संस्कार सिकाउन आवश्यक छ ।’

सोही अवसरमा नेपाल चालम दाल तेल संघका केन्द्रीय अध्यक्षसमेत रहेका डा. गुप्ताले इन्दु शंकर विज्ञान प्रयोगशालाको पनि उद्धाटन गरेका थिए । विज्ञान प्रयोगशालाको उद्धाटन गर्दै यसको सही सदुपयोग हुने र विद्यार्थीहरु भरपुर मात्रामा लाभान्वित हुने विश्वास पनि डा. गुप्ताले व्यक्त गरेका छन् ।

बाँकी तेश्रो पृष्ठमा



जि.प्र.का. पर्सा द. नं. ३०५/०७८/०७९




# ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

**ज्योती मिश्रा** (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस


# आम चुनावपछिको राजनीतिक परिदृश्य

**मोहना अन्सारी**

दोस्रो आम निर्वाचनको नतिजा लगभग अन्तिम चरणमा छ । राजनीतिक पर्यवेक्षक र बौद्धिक जमातबाट निर्वाचनको सन्देशलाई विभिन्न कोणबाट अर्थ्याउने प्रयास हुँदै छ । विशेष गरी राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) को आकस्मिक उदयले धेरैको ध्यान तानेको छ ।

ठूला र स्थापित दलहरूका कतिपय प्रभावशाली नेताहरूको अप्रत्याशित पराजय पनि चर्चाको विषय बनेको छ । के यो निर्वाचन परिणामले कुनै दूरगामी र गहिरो अर्थ राख्छ ? के यसले कुनै परिवर्तनको संकेत गरेको छ ? के यो स्थापित ठूला दलहरूको अस्तित्व सकिने या तिनीहरू सच्चिनुपर्ने अवस्था हो ? कुनै दलको बहुमत नआएको अवस्थामा संसद् र सरकारको सञ्चालनमा कस्तो जटिलता आउन सक्छ ? सामाजिक सञ्जालदेखि चियापसलसम्म चलेका बहसहरूले खुट्याउन खोजेका केही प्रश्न यिनै हुन् ।

संघीय प्रतिनिधिसभा र सातै प्रदेश विधायिकाको चुनाव एक चरणमै आयोजना गरिएको यो आम निर्वाचन २०७४ सालको भन्दा फरक परिवेशमा सकिएको छ । २०७२ सालमा संविधान जारी गर्नमा सक्रिय भूमिका खेलेका एमालेका नेता केपी ओली त्यसपछि सृजित परिस्थितिको सामना गर्दै एक राजनेताका रूपमा उदाएका थिए । यस्तो नेताका रूपमा जसले बोलेका कुरालाई समाजको एउटा वर्गले राष्ट्रिय दृष्टि, सपना, आकांक्षाका रूपमा बुझ्न थालेको थियो । यद्यपि उनको विभाजनकारी राजनीति र अनियन्त्रित बोलीले समाजको एउटा ठूलो हिस्सा क्षुब्ध पनि थियो । जनयुद्धका नायक पुष्पकमल दहाल 'प्रचण्ड' र ओलीको नेतृत्वमा माओवादी र एमालेको एकीकरण भएसँगै २०७४ सालको निर्वाचन परिणाम लगभग एकोहोरिएको थियो । प्रमुख दल नेपाली कांग्रेससहित अन्यलाई अस्तित्व जोगाउनै चुनौतीपूर्ण भएको थियो । माओवादी र एमालेसहितको वाम गठबन्धनले ६ प्रदेशसहित संघीय संसद्मा बलियो बहुमत प्राप्त गरी इतिहासकै शक्तिशाली सरकार गठन गरेर जनताका मनमा ठूलो आशा र उत्साह जगाएको थियो । देशलाई अस्थिर बनाइराख्ने जटिल राजनीतिक सवालहरू हल भैसकेकाले अब स्थायित्व, विकास र समृद्धितर्फको यात्रा हुने विश्वास गरिएको थियो । तर कालान्तरमा राजनीतिक परिघटनाहरू सोचेको जस्तो भएनन् । ओली नेतृत्वको सरकार एकपछि अर्को विवादमा फस्दै गयो । दुई पटक संसद् विघटन गरेर मध्यावधि निर्वाचनमा जाने असफल प्रयासले प्रधानमन्त्री ओलीलाई अलोकप्रियताको शिखरमा पुऱ्यायो । अन्ततः सर्वोच्च अदालतको फैसलाले उनी सत्ताबाट बाहिरिन बाध्य भए । माओवादी-एमालेको एकीकरण उल्टियो नै, एमाले पार्टी पनि विभाजित भयो । नेपाली कांग्रेसको नेतृत्वमा माओवादी र एमालेको विभाजित घटकसहितको गठबन्धनले नयाँ सरकार बनायो । जसपा पनि गठबन्धनमा मिसिन आयो । पहिलो संसद्को पाँचवर्षे अवधिमा दुइटा गठबन्धनले पालैपालो सत्ता चलाए पनि देशलाई सुशासन, विकास र समृद्धिको बाटामा लैजानेतर्फ कुनै विश्वसनीय पहल गर्न सकेनन् । २०७९ सालको आम निर्वाचन आउँदासम्म वाग्मतीमा निकै पानी बगिसकेको थियो । यसपालिको चुनावमा विगतमा जस्तो कुनै लहर थिएन, कोही नायक थिएन । सबै पार्टी र नेताको लोकप्रियता खिइएको थियो । उम्मेदवारहरू पार्टीको आडभरोसामा भन्दा पनि आफ्नै बलबुतामा चुनावी मैदानमा थिए ।

माओवादी केन्द्रको अत्यासलाग्दो संकुचन राजनीतिक विश्लेषकहरूका लागि यो चुनावमा नयाँ दलको उदयभन्दा पनि संसदीय राजनीतिमा नेकपा माओवादीको निरन्तरको स्खलन बढी चासोको विषय बन्नु स्वाभाविक हो । हिंसात्मक विद्रोहको मार्ग छोडेर शान्तिपूर्ण राजनीतिक अवतरण गरेको माओवादी नेपालको ऐतिहासिक राजनीतिक परिवर्तनको एउटा प्रमुख वाहक रहेको यथार्थलाई नकार्न सकिँदैन । यथास्थितिवादी नेपाली कांग्रेस र आवरणमा मात्रै कम्युनिस्ट भएको एमालेलाई गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशीकरणको अग्रगामी एजेन्डामा माओवादीले नै घिसारेर ल्याएको हो । तर माओवादी त्यसको लाभांश पाउनुको सट्टा संसदीय अभ्यासमा निरन्तर ओरालो लागिरहेको छ । के उपर्युक्त उपलब्धि प्राप्त भैसकेपछि मओवादीको प्रासंगिकता समाप्त भएको हो ? त्यसो भए पञ्चायती व्यवस्थाको अवसानपछि पञ्चायतविरुद्ध संघर्ष गरेका नेपाली कांग्रेस र एमालेको प्रासंगिकता किन समाप्त भएन ? उत्तर त्यति सजिलो छैन । नेपालमा मतदाताको रुझान हेर्दा, लेफ्ट विचारधाराको नेतृत्व एमालेले गरेको देखिन्छ । एमालेको एउटा विशिष्ट भोट बैंक छ जुन विपन्न मजदुरवर्गदेखि भूमिहीन सुकुम्बासीका साथै संकीर्ण राष्ट्रवादका पक्षधरहरूसम्म फैलिएको छ । लोकतन्त्र, खुलापन र निजीकरणको समर्थन गर्ने मध्यमवर्गीय जमातका लागि नेपाली कांग्रेस विकल्पहीन छनोट बन्छ । अग्रगमनको यात्रा मनै नपराउने घोर दक्षिणपन्थी समूहको रुझानमा राप्रपा पर्छ र पुराना दलहरूको अक्षमताबाट निराश भएको जमात लागि नयाँ दल र स्वतन्त्र उम्मेदवारहरू विकल्प बन्छन् । यसै गरी जसपा, लोसपा, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीहरूका आआफ्नै सामुदायिक र क्षेत्रीय आधारमतहरू छन् । माओवादीको हकमा उसको बलियो आधारमत स्पष्ट छैन । यसबाहेक राजनीतिक परिवर्तनबाट असन्तुस्ट कुलीन समूहले माओवादीलाई मन पराउँदैन । आम नागरिकको नजरमा पन्ध्र वर्षयता धेरै पटक दलको नाम तथा गठबन्धन फेर्नेबाहेक माओवादीले कुनै ठोस काम गर्न सकेको छैन । तत्कालीन जनयुद्धका सुप्रिम कमान्डर प्रचण्डको करिस्म्याटिक छवि त्यसकै भरमा निर्वाचनको वैतरणी पार गर्न अब सम्भव नहुने देखिन्छ । प्रतिनिधिसभामा तेस्रो दलको हैसियत कायम राख्दै फेरि 'किङमेकर' को स्थितिमा पुगेको माओवादीले आउने दिनमा विचार, नीति, संगठन र नेतृत्वमा अर्थपूर्ण समायोजन गरेन भने भविष्यमा उसको अस्तित्व गम्भीर संकटमा पर्ने प्रबल सम्भावना देखिन्छ । माओवादीको अत्यासलाग्दो स्खलनले राजनीतिक उपलब्धिहरू पनि जोखिममा पर्ने हुन् कि भन्ने आशंका उठ्नु अस्वाभाविक छैन ।

रास्वपाको रहरलाग्दो आगमन

सञ्चार क्षेत्रमा सेलेब्रिटी छवि बनाएका रवि लामिछानेले निर्वाचनको मुखमा आएर घोषणा खोलेको रास्वपाले पाएको 'पब्लिक रेस्पोन्स' जति आश्चर्यजनक हो, त्यति नै सकारात्मक पनि । आश्चर्यजनक यस अर्थमा कि, यसभन्दा अगाडिका वैकल्पिक प्रयासहरू, जसबाट बढी अपेक्षा गरिएका थिए, ती असफल भएका थिए । सकारात्मक यस अर्थमा कि, रास्वपाले वर्षौंदेखि चलिआएको पुराना दलहरूको सिन्डिकेटलाई हल्लाएको छ र सीमित क्षेत्रमा भए पनि मतदातालाई एउटा वैकल्पिक छनोटको अवसर दियो । मूलतः गैरराजनीतिक पृष्ठभूमिका उम्मेदवारलाई चुनावको मैदानमा उतारेर स्थापित नेताहरूलाई हम्मेहम्मे बनाएको रास्वपाले प्रत्यक्षमा जितेको (७ सिट) भन्दा पनि समानुपातिकमा पाएको मत बढी अर्थपूर्ण छ । समानुपातिक मतलाई राजनीतिक दलको लोकप्रियताको ऐना मान्ने हो भने, रास्वपाले पहिलो प्रयासमै माओवादी हाराहारी मत ल्याएर लोभलाग्दो सफलताको प्रदर्शन गरेको छ । यद्यपि यो पार्टीले भविष्यमा बेहोर्नुपर्ने चुनौतीबारे धेरै चर्चा हुन सकेको छैन । अहिलेसम्म बाहिरबाट

***बाँकी तेश्रो पृष्ठमा***

# क्षेत्रीय दलहरुको साँघुरो लोकमार्ग

**चन्द्रकिशोर**

आम निर्वाचन-२०७९ ले क्षेत्रीय दलहरूको उभारलाई अभिरेखांकित गरेको छ । मधेशभित्रकै राजनीतिमा नयाँ-पुराना दलहरूले मतादेश पाएका छन् । कसलाई क्षेत्रीय दल मान्ने ? क्षेत्रीय दलहरूको प्रकटीकरणले नेपाली समाजको लोकतन्त्रीकरणमा टेवा पुग्ला कि नपुग्ला ? तिनले पुराना र ठूला मानिएका दलहरूलाई धक्का दिएर गतिशील बनाउलान् कि नबनाउलान् ? आवश्यक उन्नति-प्रगतिका लागि शोषणरहित राजनीतिक स्थिरतामा सघाउ पुऱ्याउलान् कि नपुऱ्याउलान् ? यक्षप्रश्नहरू सामुन्ने नै छन् ।

केवल राष्ट्रिय !

नेपालको संविधानले क्षेत्रीय दलको अवधारणालाई आत्मसात् गरेको पाइँदैन । उसले 'राष्ट्रिय दल' को मान्यता अनुसरण गरेको छ, जसमा निर्वाचन प्रक्रियामार्फत निश्चित मतभार प्राप्त गर्ने दलहरू मात्र समावेश हुन सक्छन् । प्रादेशिक संरचनामा गइसकेपछि 'क्षेत्रीय दल' को अवधारणालाई संवैधानिक स्वीकार्यता दिइनुपर्थ्यो । नेपालका दलहरू आफैंले जे पगरी गुथे पनि तिनले निर्वाचनमा आर्जन गर्ने मत प्रदेश अनुसार फरकफरक हुन्छ । त्यस आधारमा अमुक दलको प्रभावक्षेत्र अमुक प्रदेशको अमुक क्षेत्र हो भन्न सकिन्छ । त्यसै गरी दलविशेष कुनै खास क्षेत्र वा समुदायमा बढी प्रभाव देखिए पनि आफूलाई क्षेत्रीय कहलाउन रुचाउँदैन । कुनै दलले आफ्नो क्षेत्रीय अस्मितालाई छिचोल्दै राष्ट्रिय बन्न प्रभाव विस्तारको खोजी गर्न सक्छ । उसो त नेपालको कानुन स्वीकार गर्ने सबै राजनीतिक दल 'राष्ट्रिय' हुन् । यो संविधानमा 'राष्ट्रिय' को तुरूप वर्चस्वशालीहरूको हो । तर लोकतन्त्रमा त चिन्तनको कमजोरी पर्दाफास हुन धेरै समय लाग्दैन । जो राष्ट्रिय होइन, त्यो अराष्ट्रिय हो ? सुविधा, मान्यता वा प्राथमिकताका लागि श्रेणीक्रम निर्धारित गर्ने मनसाय हो भने पनि यसका लागि अर्को शब्द छनोट गरिनुपर्थ्यो ।

क्षेत्रीय दल त्यो हो जसले कुनै निश्चित क्षेत्रमा आधारित मुद्दालाई प्राथमिकतामा राख्छ, तिनका सरोकारहरूलाई संगठित राजनीतिमार्फत मुख्य धारामा ल्याउन खोज्छ । असली क्षेत्रीय दल त्यो हो जसले मुख्य धाराको राजनीतिलाई स्पन्दित एवं गतिशील बनाउन सघाउँछ । 'राष्ट्रिय हुँ' भनेर दाबी फलाक्नेहरूले जब सही राष्ट्रिय सवाललाई लुकाउँदै सतही अवसरवादी राजनीतिलाई वरण गर्छन् तब परित्यक्त आवाजले आफ्ना लागि राजनीतिक चौतारी खोज्छ, संघर्ष गर्छ, न्यायका लागि गुहार्छ वा लोकपरीक्षामा उत्रिन्छ । उसको संकटप्रति जब स्थापित राजनीतिक संगठनहरूले नियोजित उपेक्षा गर्न थाल्छन्, त्यतिखेर प्रतिरोधमा जुन राजनीति क्षेत्रविशेषमा जन्मिन्छ त्यही क्षेत्रीय राजनीति हो । राष्ट्रिय कहलिने दलहरूले पनि क्षेत्रविशेषमा आफ्नो स्वार्थअनुकूलको राजनीति आयामित गर्छन्, 'गंगा गए गंगा दास, जमुना गए जमुना दास' आहानलाई चरितार्थ गर्छन् । त्यसै गरी क्षेत्रविशेषका सरोकारलाई 'क्षेत्रीय' मान्नु पनि कतिपय अवस्थामा त्रुटिपूर्ण हुन्छ । क्षेत्रीय दलहरूको अभीष्टले केकस्तो राष्ट्रिय सन्दर्भ बोकेको छ ? त्यसको पनि लेखाजोखा हुनुपर्छ ।

नेपाल बहुभाषी, बहुजातीय, बहुक्षेत्रीय मुलुक हो । नेपाली भूभागभित्रको सामुदायिक विविधता विशाल छ । सामान्यतया क्षेत्रीय दलहरूको उदयको कारण खोजी गर्दा हामी देख्छौं– जब कुनै भूगोल वा समुदायले आफ्नो प्रतिनिधित्व कम भएको वा कम पारिएको पीडा बोध गर्छ, त्यतिखेर ऊ आफ्नो अस्तित्व र अस्मितालाई लिएर मुखर हुन्छ । राष्ट्रिय कहलिने दलहरूले जब स्थानीय समस्या, सामर्थ्य वा सम्भावनालाई बेवास्ता गर्छन् तब सम्बन्धित पक्ष आफैं अग्रसर हुन्छ । क्षेत्रीय असन्तुष्टिलाई सम्बोधन गर्ने क्रममा जब स्थानीय जातीय समीकरणलाई सन्तुलित बनाइँदैन, तब अर्को शक्ति अर्को 'कास्ट इन्जिनियरिङ' लिएर सामु आउँछ । ठूला दलहरूले क्षेत्रविशेषमा आफ्नो सांगठनिक संरचनालाई चुस्त दुरुस्त नबनाउँदा नै क्षेत्रीय दलहरू टुसाउने हुन् ।

निर्वाचन एक 'सेफ्टी भल्भ'

निर्वाचनले के दियो ? निर्वाचित सरकार पाइने भयो, आवधिक निर्वाचनले संविधानलाई गतिशील बनायोजस्ता जवाफहरू भुइँतहमा तत्कालै फुर्ने गर्छन् । चुनावपश्चात् पनि देहातका घुर संवादहरूमा आर्थिक, सामाजिक र राजनीतिक संरचनामा बदलावबारे संशयसमेत छचल्किन्छ । समावेशीको कोणबाट राजनीतिक प्रतिनिधित्वको सवाल उत्पन्न हुँदै छ । ताजा मतादेशका कारण हरेक नेपालीमा उल्लास र सुन्दर भविष्यको आशा पलाएको छ । गठबन्धनको आवरणमा भागबन्डाको राजनीतिका कारण सीमित सुविधाभोगी वर्गले फेरि पनि 'बग्दो गंगामा हात धुने भयो' भन्ने आम बुझाइ छ । भुइँतहमा व्याप्त यस्ता टिप्पणीहरू विगतका अपेक्षाहरूबाट आहत नागरिकका प्रतिक्रिया हुन् ।

'एक व्यक्ति, एक मत' को सिद्धान्तलाई लोकतन्त्रमा निर्णायक मानिन्छ । यो सिद्धान्त यति सशक्त भइसकेको छ, यसले लोकतन्त्रको विचारलाई केवल मत दिने एउटा अनुष्ठानमा सीमित गरिदिएको छ । तर हाम्रै अभ्यास र अनुभवले यही मतदानमार्फत कुनै

***बाँकी तेश्रो पृष्ठमा***

# सच्चिने कि सक्किने ? आफ्नै हातमा

**भोजराज पोखरेल**

ठोकुवा गर्न सकिन्छ, अबको पाँच वर्षमा पनि सच्चिन नसक्ने पात्र अरूको कारणले होइन, आफ्नै कारणले नासिएर जानेछन्।

प्रजातान्त्रिक जुन अभ्यासमा हामी छौं, यसमा सबैभन्दा महत्त्वपूर्ण पाटो भनेको निर्वाचन हो। निर्वाचनमा प्रमुख भूमिका मतदाताहरूको हुन्छ।राजनीतिक दलहरू वा उम्मेदवारको भविष्यको भूमिकाको निर्धारण आफ्नो अमूल्य मतको माध्यमवाट मतदाताले गर्छन्। निर्वाचनको मुख्य सन्देशनै यही अर्थात्' तिमीहरू सुध्रिने कि सकिने?' भनेर सजग गराउने हो। सच्चिनेलाई पुरस्कृत र नसच्चिनेलाई दण्डित गर्ने वा विकल्प दिने अवसरको रूपमा मतदानलाई प्रयोग गरेका हुन्छन्। भर्खरै सम्पन्न नेपालको निर्वाचनवाट आमनेपाली मतदाताले मज्जाले बुझ्ने गरी यो सन्देश दिएको देख्छु।

हामीजस्तै अन्य कतिपय नवोदित प्रजातान्त्रिक देशहरू निर्वाचनका हाम्रा केही गर्व गर्न लायक उपलब्धिको खुलेर प्रशंसा गर्छन्। प्रजातान्त्रिक निर्वाचनको छोटो समयमै हामीले प्राप्त गरेका यस्ता केही उदाहरणको चर्चा गरौं। जस्तोसुकै अप्ठ्यारो बेलामा पनि आवधिक निर्वाचन भएका छन्। निर्वाचनको माध्यमबाटै शान्तिपूर्वक सत्ता हस्तान्तरण हुँदै आएको छ। निर्वाचनको प्रक्रियाका क्रममा केही झगडा, असहमति वा असहजता रहे पनि निर्वाचन परिणाम सर्वस्वीकार्य हुँदै आएकाछन्। निर्वाचन स्वयं द्वन्द्वको कारण भएको छैन।हामीले बरू निर्वाचनलाई नै द्वन्द्व व्यवस्थापन गर्ने हतियारको रूपमा प्रयोग गऱ्यौं।त्यस्तै, निर्वाचनको सबै प्रक्रियामा सबैको सहभागिता सुनिश्चित गरिएको छ।

अर्को महत्त्वपूर्ण पाटो हामीले निर्वाचित निकायहरूलाई समावेशी बनाएर मुलुकको चरित्रअनुसार निर्वाचित निकायमा प्रतिनिधित्वको व्यवस्था गरेका छौं। भलै,उनीहरूको कार्यशैली वा क्षमतालाई लिएर केही असहमति होलान्। यसको मतलव यो होइनकि, हाम्रा सबै सबल पक्षमात्र छन्। धेरै क्षेत्रमा निरन्तर सुधारको प्रयास जरुरी छ। भर्खरै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको चुनावलाई हेर्दै निर्वाचनको सबै हिस्सेदारमा परिपक्वता आएको देख्छु। हिजोका निर्वाचनमा हिंसा ठूलो चुनौती थियो। दल र उम्मेदवारहरूमा संयमता थिएन, मारकाट, हत्या, हिंसा र अन्य झैझगडा प्रमुख चिन्ताका विषय थिए। अब त्यो प्रवृत्ति कम हुँदै आएको छ। दल र उम्मेदवारमा संयमताको डिग्री बढेको देखिन्छ।सुरक्षा पनि हिजोभन्दा चुस्त हुँदै आएको छ। निर्वाचन व्यवस्थापन गर्नेमा पनि चुस्तता आएको छ।

मतदातामा पनि परिपक्वता आएको देखिन्छ। हिजोजस्तो जजसले जहाँ मत हाल भन्यो त्यहीँ हाल्ने मतदाता कम हुँदै गएका छन्। केही अपवादलाई छाडेर, बरु म विवेक प्रयोग गरेर मत हाल्छु भन्ने स्तरमा मतदाता पुगेका छन्। मतदान हुने स्थलमा विगतका कठिन समय सम्झँदा मतदाता स्वयं नै हिंसाको कारण पनि थियो। अनेक खालका समस्या 'मल्टिपल भोटिङ'का जस्ता धेरै कुरा थिए। अब त्यस्ता प्रवृत्ति कम देखिन थालेका छन्। त्यस्तै, विगतको तुलनामा सरकारको हस्तक्षेपकारी भूमिका पनि कम हुँदै आएको आभास मिल्छ। यी अभ्यासले देशमा लोकतन्त्र संस्थागत हुने क्रममामाथिल्लो खुट्किलो उक्लिएको हो कि भन्ने आभास गराउँछ। यसको मतलव यो होइन कि हामीसँग समस्या छैनन्। लोकतन्त्रको उत्तम अभ्यासको अवस्थामा पुग्न हामीले निर्वाचनका धेरै पाटोमा अझै धेरै काम गर्न बाँकी छ।

खुसी लाग्छ, खासगरी २०६५ सालमा सुरु गरिएको दीर्घकालीन रणनीतिक सोच, योजना र कार्यक्रमका साथ सुरु गरिएका सुधारका प्रयासको निरन्तरताले हालको तेस्रो चरणको योजनामा पुग्दा सकारात्मक परिणाम दिन थालेकोमा। यसले गौरवको अनुभूति गराउँछ। तर, जेजस्ता उपलब्धि भए, गरिए, ती पर्याप्त छैनन्। खासगरी निर्वाचन व्यवस्थापनका धेरै पाटो जस्तो- मतदाता नामावली, मतदान केन्द्र निर्धारण र व्यवस्थापन, मतदाता शिक्षा, निर्वाचन कर्मचारी व्यवस्थापन, मतपत्र छपाइ, सुरक्षा व्यवस्थापन, निर्वाचन सामान व्यवस्थापनजस्ता काम क्रमशः स्थानीय सरकारमा विकेन्द्रित गरी उनीहरूलाई अगुवा भूमिका दिन अब ढिला गरिनु हुन्न।

यसैगरी, निर्वाचनको व्यवस्थापनको स्वामित्व दलहरूले लिने वातावरण निर्माण त्यति नै जरुरी छ। निर्वाचनका धेरै पाटोमा हामीले प्रविधि प्रयोग गरेका छौं, तर मतदानको काममा अझै पनि परम्परागत पेपर ब्यालेटमै सीमित छौं। त्यसैले, ई-भोटिङमा जाने हाम्रो उच्च प्राथमिकतामा पर्नु पर्छ। संसारभरि छरिएका मतदाताको मताधिकार सुरक्षित गरिनु पर्छ।भर्खरै सम्पन्न निर्वाचनको समष्टिरूपमा कुरा गर्दा आमजनताको भनाइ होस् वा उम्मेदवारको भनाइ, निर्वाचनमा पैसा हाबी भएको गुनासो एकातिर छ भने अर्कोतर्फ हाम्रोभन्दा राम्रो अर्थात् मतदाताको रोजाइको उम्मेदवार हुँदा पैसाको कुनै प्रभाव नहुने रहेछ भन्ने स्पष्ट सन्देश पनि मतदाताले दिए। पैसा भन्दैमा जितिँदैन है, उम्मेदवार राम्रो छ भने, उसको विगत राम्रो छ र आम मतदाताको भरोसा र आशा छ भने मात्र जितिन्छ भन्ने एउटा वातावरण वनाउन सघाएको छ।

निर्वाचनको परिणामलाई पैसाले प्रभावित पार्ने अवस्थामा केही निर्वाचित निकायहरू असल राजनीतिज्ञको साटो आपराधिक प्रवृत्तिको अथवा स्वार्थ समूहहरूको पकडमा जाने त हैन ? भन्ने डरपनि उत्तिकै बढेको छ। यो एउटा गम्भीर सरोकारर चिन्ताको विषय छ। यसलाई सम्बोधन गर्न एकातिर खर्चको अनुगमन र उल्लंघन गर्नेउपर सशक्त कारबाही गर्ने राष्ट्रिय

***बाँकी अन्तिम पृष्ठमा***

## महँगो.....

राजनीतिक खेलको कमेन्ट्री गर्ने रवि र उनका साथीहरू अब आफैं खेल मैदानमा उत्रिएका छन्। रास्वपाका मतदाता र आम नागरिकको अपेक्षा उनीहरूप्रति असाध्यै बढी छ। केही विश्लेषकले रास्वपाले पाएको मतलाई उसको आफ्नै लोकप्रियताभन्दा पनि ठूला दलप्रति पोखिएको वितृष्णाका रूपमा पनि चित्रण गरेका छन्। यद्यपि अहिलेसम्म परीक्षण भइनसकेको राजनीतिक दलका बारेमा गरिने आकलन धेरै वस्तुपरक नहुन सक्छ तथापि विचार, सिद्धान्त र संगठन राम्रोसँग निर्माण नहुँदै उल्लेखनीय जित हासिल गरेको रास्वपाले यो सफलतालाई स्थायी बनाउन र थप विस्तार गर्न सक्ला कि नसक्ला भन्ने कुरा उसले संसद् र सरकारमा खेल्ने भूमिकामा निर्भर हुन्छ। पहिचानवादी दलको त्रासदीपूर्ण अवस्था कुनै बेला मधेशी, मुस्लिम, थारू, दलित र बहिष्करणमा परेका अन्य समुदायको अधिकार र प्रतिनिधित्वलाई एजेन्डा बनाएर राष्ट्रिय राजनीतिमा उदाएका दलहरू यस चुनावमा आफ्नै मतदाताबाट अस्वीकृत भएका छन्। मधेशवादी दलहरूका प्रमुख नेताहरूले बेहोर्नुपरेको हारलाई मतदाताले दिएको दण्डका रूपमा व्याख्या गरिँदै छ जुन अस्वाभाविक होइन। विचार, सिद्धान्त र एजेन्डालाई निरन्तर तिलाञ्जली दिँदै औचित्यबिनाका सत्ता गठबन्धनमा सहभागी हुँदै पन्ध्र वर्ष बिताएका मधेशवादी दलहरूले मधेशी जनतामा कुनै आशा जगाउन सकेका थिएनन्। निर्वाचनको मुखमा आएर एक्कासि सत्ता गठबन्धन छाडी एमालेसँग चुनावी गठबन्धन गरेको जसपाले आफ्नो कदमको औचित्य पुष्टि गर्न सक्ने आधार थिएन। लोसपा अझै पनि सही अर्थमा पार्टी बन्नै सकेको छैन। प्रत्यक्षमा १ सिट जितेर जम्मा ५ सिटसहित पहिलो पटक संसद्मा प्रवेश गर्न लागेको जनमत पार्टीले सत्तामा हिस्सा पाए पनि राष्ट्रिय राजनीतिमा हस्तक्षेप गर्न सक्ने सम्भावना कम छ। यही कुरा नागरिक उन्मुक्ति पार्टीका सन्दर्भमा पनि भन्न सकिन्छ। यसो भनेर नेपाली राजनीतिमा सामुदायिक र क्षेत्रीय मुद्दालाई एजेन्डा बनाएर राजनीति गर्ने दलहरूको अवमूल्यन गर्न खोजिएको पक्कै होइन। नेपाली राष्ट्र निर्माणका क्रममा भाषा, जाति, धर्म र नस्लका आधारमा विभेद भोग्न बाध्य भएका समुदायहरूको अधिकार, पहिचान र सामाजिक न्यायको विषयलाई साझा लक्ष्य बनाएर संसद् र सरकारमा सहकार्य गर्न सक्ने हो भने यी साना दलले अझै पनि ठूलो भूमिका खेल्न सक्छन्। त्यसो गर्न सके राष्ट्रिय राजनीतिमा यिनीहरूको सशक्त पुनरागमन असम्भव हुँदैन। यद्यपि एकअर्कासँग मिल्नै नसक्ने विगत भएका यी दलले साझा मुद्दामा एकता देखाउन सक्छन् भन्ने सम्भावना देखिँदैन।

दुई प्रमुख दलको निरन्तरता

सामाजिक सञ्जालमा चलेको 'नो, नट अगेन' अभियानको बीचबाट प्रतिनिधिसभाका २७५ सिटमध्ये क्रमशः ८९ र ७८ गरी जम्मा १६७ सिट हात पारेका नेपाली कांग्रेस र नेकपा एमाले ठूला दलको हैसियत कायम राख्दै फेरि पनि मतदाताको पहिलो छनोट बनेका छन्। यद्यपि यो यस्तो नतिजा हो जसलाई आम नागरिकले हर्ष न विस्मातका रूपमा लिएका छन्। दुइटै प्रमुख दलले यस चुनावमा अघिल्लो चुनावका तुलनामा ठूलो मतसंख्या गुमाएका छन्। दुइटै दल साधारण बहुमतबाट निकै टाढा छन्। अर्थात्, बारम्बार परीक्षण भइसकेका यी दललाई जनताले शासन गर्ने म्यान्डेट दिएका छैनन्। तथापि यी दुईमध्ये एउटाले अथवा आलोपालो गरेर दुइटैले शासन गर्ने निश्चितप्रायः छ।

निष्कर्ष

यस आम निर्वाचनमा राजनीतिक दलहरूसँग पुराना घोषणापत्रहरूको 'रिसाइकल' प्रतिलिपिबाहेक जनतामा आशा र उत्साह जगाउने कुनै नयाँ कुरा थिएन जसले गर्दा समग्रमा मतदानको प्रतिशत खस्क्यो। दलहरूबीचको विचारहीन चुनावी गठबन्धनले अन्यमनस्क स्थितिमा पुगेका मतदाताले कसैलाई पनि बहुमत दिएनन्। गठबन्धनको 'कार्टेलिङ' ले गर्दा नागरिकको छनोट गर्न पाउने अधिकार खुम्चियो। कतिपय सक्षम र चुनाव जित्ने सम्भावना भएका नेताहरूको उम्मेदवार बन्ने अवसर खोसियो। प्रत्यक्ष निर्वाचनको उम्मेदवारीमा महिला र पिछडिएका समुदायको सहभागिता उल्लेख्य रूपमै घट्यो। कसैको बहुमत नभएको त्रिशंकु संसद्मा जसले सरकार बनाए पनि त्यो झिनो बहुमतको बन्ने अवस्था छ। यसले गर्दा सत्ताको सौदाबाजी, सांसद किनबेच, राजनीतिक नियुक्तिको भागबन्डाको विकृति बढ्ने हो कि भन्ने चिन्ता सामाजिक सञ्जालहरूमा व्यक्त गरिँदै छ। सरकार र संसद्को अस्थिरताको सम्भावना पनि उत्तिकै छ। नयाँ शक्तिका रूपमा उदाएका रास्वपा र अन्य दल अहिलेसम्म प्राप्त राजनीतिक उपलब्धिको अपनत्व लिएर त्यसको रक्षा गर्दै अगाडि बढ्छन् अथवा तिनलाई उल्टाउनमा शक्ति र सामर्थ्य खर्च गर्छन्? अहिलेको सबैभन्दा टड्कारो प्रश्न यही हो। प्रगतिशील वा अग्रगामी मुद्दाको नेतृत्व गर्ने दलहरू कमजोर हुँदा उत्पीडित र बहिष्कृत समुदायको अधिकार, सामाजिक न्याय र समावेशीकरणका सवालहरू ओझेलमा पर्छन् कि भन्ने गहिरो आशंका व्याप्त छ। द्वन्द्वपीडितहरू पन्ध्र वर्षदेखि न्यायको पर्खाइमा छन्। वर्तमान राजनीतिक परिदृश्यमा संक्रमणकालीन न्यायको प्रतिबद्धताको अवस्था कस्तो हुन्छ, हेर्न बाँकी छ। राम्रो पक्ष के हो भने, संसद्मा बलियो प्रतिपक्षको उपस्थितिले सरकारलाई जवाफदेह बनाइराख्नेछ। मिडिया, नागरिक समाज र आम नागरिकको निरन्तर निगरानीले सरकार, संसद् र प्रतिपक्षलाई सचेत तुल्याइरहने हो भने विकृतिहरूलाई नियन्त्रण गर्न कठिन हुँदैन।

नेपालको संविधानले संघीय प्रतिनिधिसभा तथा प्रदेशको विधायिकामा बहिष्कृत र कमजोर वर्गका महिला तथा पुरुषको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरेको हो। तर व्यवहारमा प्रत्यक्ष र समानुपातिक दुइटै विधिबाट उच्च वर्ग र जातीय समूहकै प्रतिनिधित्व बढी हुने स्थिति उत्पन्न भएको छ। विशेष गरेर समानुपातिक निर्वाचनमा थ्रेसहोल्डको व्यवस्थाले निर्वाचनको मूल उद्देश्यलाई नै निष्प्रभावी बनाएको छ। थ्रेसहोल्डको व्यवस्थाले अन्ततः ठूला पार्टीहरूलाई सबै लाभ पुग्ने र साना पार्टीहरूका लागि 'रिङ-फेन्स' हुने गरेकाले थ्रेसहोल्डबारे समीक्षा गर्नुपर्ने आवश्यकता देखिन्छ।साभार : कान्तिपुर

## विपरीत.....

शक्तिलाई दण्डित त कसैलाई सीमाबद्ध गरेको छ, कसैलाई प्रश्रय दिएको छ। जो अन्यायमा परेका छन्, जोसँग गुनासाहरू छन्, तिनीहरूले पनि यो नेपाललाई अझ बढी समतामूलक र बहुलवादी बनाउन मतदानमार्फत अधिकारको प्रयोग गरेका छन्।

विगतमा पृथकतावादी राजनीतिका प्रतीक पात्र चन्द्रकान्त ( सीके) राउतले आज वैधानिक प्रतिनिधित्व प्राप्त गरेका छन्। थारूहरू राज्यसँग आफ्नो नाता परिभाषित एवं प्रमाणित गर्न चाहन्थे, त्यस दिशामा नागरिक उन्मुक्ति पार्टीले पाएको प्रश्रयले नेपाली राजनीतिमा 'सेफ्टी भल्भ' को काम गरेको छ।

यसले देखाएको तथ्य हो– अहिलेको अवस्थामा सीमित लोकतन्त्रका लागि ठाउँ छैन। आलंकारिक संघीयतालाई लिएर असन्तुष्टि छ।

राज्यशक्तिको केन्द्रीकृत अभ्यासबाट अब थेग्न सकिँदैन। नेपाली समाजले परिवर्तन खोजेको छ, अहिलेको मतादेश त्यही हो। क्षेत्रीय दलको आवश्यकता, औचित्य र आकांक्षाबारे राष्ट्रव्यापी छलफल हुनु पनि उत्तिकै आवश्यक छ।

क्षेत्रीय दलहरूको उदयबाट डराउनुपर्ने कुनै कारण छैन। प्रदेश र संघमाझ राजनीतिक शक्ति र आर्थिक अधिकारको देखावटी नभई वास्तविक बाँडफाँट हुनु नेपाली इतिहास, बसोबास र भूगोलको हिसाबले सही बाटो हो। यसले ऐतिहासिक उत्पीडनमा केही मल्हम लगाउन सहयोग गर्छ।

हाम्रो आफ्नै अभ्यासले उग्र वाम या दक्षिणपन्थलाई हावी हुनबाट रोक्न सघाउँछ। लोकतान्त्रिक समाजवाद अन्तर्गतका शान्ति, लोकतन्त्र र लोककल्याणकारी राज्यका मान्यताहरू कमजोर हुनबाट जोगाउँछ। तर क्षेत्रीय दलहरूको अस्तित्वबारे गहिरो चिन्तन र तिनको सान्दर्भिकता, उपयोगिता बुझेर तिनीहरूसँग 'लेनदेन' प्रति गम्भीरता पाइँदैन।

बरू तिनलाई उही सत्ताखेलको बाह्रौं खिलाडी बनाउने दाउ छ। क्षेत्रीय शक्तिहरूले बोकेको आकांक्षा नवीन हुँदै होइन, खालि काठमाडौंको सत्ताले त्यसलाई थाती राखेको हो। बोल्नुपर्नेहरू गाल पर्ला कि भनेर चुप बसेका छन्।

संविधानले नेपाललाई लोकतान्त्रिक गणराज्यका रूपमा स्विकारेको छ। यस कारण यस मुलुकका प्रत्येक व्यक्ति, वर्ग र समाजको आवाज सत्ताको केन्द्रसम्म पुगोस् भन्ने संविधानको अन्तर्य हो।

आफूलाई राष्ट्रिय भनाउने दलहरूले फराकिलो नजरले हेर्दा क्षेत्रीय दलहरू चुनौती हुँदै होइनन्, अलार्म हुन्। हो, जनमत पार्टी वा नागरिक उन्मुक्ति पार्टी मुख्य धारामा आउन खोज्नु नेपाली राज्यको सफलता हो। हिजो देशै टुक्राउन खोज्ने सीके राउत आज चुनावी प्रतिस्पर्धामा आएका छन् र राज्य सञ्चालनमा सहभागिता खोजेका छन्।

सीके त्यस्तो 'पावर ब्रोकर' का रूपमा अगाडि बढ्न सक्नुपर्छ, ताकि आफ्नो प्रभाव र छविका भरमा राष्ट्रिय राजनीतिमा शक्ति सन्तुलनको क्षमता राख्न सकियोस्।

राजनीतिक अभ्यासका क्रममा हन्डर खानुका साथै राज्य संस्थापनलाई नजिकबाट देखे-भोगेका कारण सीकेको क्षमता वृद्धि पक्कै भएको होला। तर सीकेले आफूले विगतमा बाटो बिराएको र अब आफूमा पृथकतावादी धङधडी नरहेकोबारे प्रस्ट पार्नुपर्छ।

साँघुरो लोकमार्ग

पहिचानको राजनीतिलाई मधेशका राजनीतिक शक्तिहरूले नै अर्थ दिएका हुन्। मधेशीविरुद्ध विगतमा भएको अन्याय, पहिचानमा उत्पन्न संकट, नेपाली राज्यमा प्रतिनिधित्व एवं पहुँचको नगण्यतालाई मधेशकेन्द्रित दलहरूले उठाएकै हुन्। २००७ सालदेखि नै मधेशी हक-अधिकारकेन्द्रित राजनीति जन्मिएर नदीजस्तै बांगोटिंगो हिँडिरह्यो।

यता राज्य पनि त्यसलाई दमन गर्दै, विलय गर्दै, मानमर्दन गर्दै अघि बढिरह्यो। पञ्चायत राजनीतिले 'नेपाली पहिचान' निर्माणको राष्ट्रिय अभियान तथा 'नेपाली नागरिकता' सँग गाँसिएर संरचनागत जटिलता थप्दै जानुको अन्तर्य मधेश राजनीतिले लिन सक्ने पृथक् अस्तित्व र हस्तक्षेपलाई खरानी बनाउनु थियो।

२०४७ सालको संविधानले पनि प्रतिनिधित्वलाई समावेशी बनाउन बाध्यकारी बनाएन, तर त्यही अवधिमा फेरि मधेशी राजनीतिले नयाँ कलेवर ग्रहण गर्‍यो।

२०६३ सालको संविधानले कैयौं अर्थमा नयाँ उचाइ एवं मानक खडा गरे पनि संघीयताको ढोका उघारेन। प्रतिक्रियास्वरूप मधेशी राजनीति ऐतिहासिक रूपमै शक्तिशाली भएर आयो। तत्पश्चात् मधेशी राजनीतिभित्रै बहुदलीयता देखियो।

यी शक्तिहरूले 'मधेशकेन्द्रित दल' को चिनारी बनाए। कालान्तरमा सत्ता राजनीतिमा संख्याबलको चाहना राखी ती शक्तिहरू अन्य क्षेत्रतिर तन्किन खोजे तर तिनको च्यादर च्यातियो। फर्केर फेरि मधेशकै शरणमा आए र यतिखेर फेरि 'मधेश-आश्रित दल' कहलाउन थालेका छन्।

साबिकका मधेशकेन्द्रित दलहरूले राष्ट्रिय बन्ने गोलचक्करमा न हाँसको चाल चल्न भ्याए न त बकुल्लाकै। अहिलेको संवैधानिक प्रावधान अनुसार समानुपातिक सूचीमा अन्य क्लस्टरलाई हिस्सा दिँदा, स्वयं जो जो प्रतिनिधित्व अपुग भयो भनेर लडे तिनकै हिस्सामा कम भाग पर्न आयो अनि यी शक्तिहरूले समानुपातिकका निम्ति मत लिन अरूतिर संगठन फैलाए।

तर यसले गर्दा छरपस्टिन पुगे। यतिखेर मधेश-आश्रित दलहरूले मन्थन गर्नु पर्ने हो– तिनीहरूले मधेशइतर भूगोलमा किन स्वीकार्यता पाएनन्? मधेशी दलहरू किन पहाड उक्लिन सकेनन्? मधेशभित्रै कसरी संकुचनमा परे?

मधेशकेन्द्रित दलहरू आफ्नो मान्यता र त्यसबाट समग्रमा नेपाली राज्यमा हुने रूपान्तरणबारे बताउन असमर्थ रहे। नेपाली राज्यद्वारा पारम्परिक रूपमा खडा गरिएको 'मधेशविरोधी' न्यारेटिभलाई च्यात्न जुन उचाइको सत्याग्रह चाहिएको थियो, त्यो भएन।

नेपाली मिडियाले तिनलाई शंकाको नजरले हेरिरहे। तिनीहरू जे थिएनन् त्यसको पनि अपयश बोके। ती दलहरू स्वयंको आन्तरिक संरचना समावेशी बनाउन खोजे पनि निर्णय निर्माण प्रक्रियामा अनुदार नै रहे। संरक्षण गर्ने क्षमताको कमी थियो जुन स्वाभाविक हो। किनभने राज्यतन्त्रमा अन्य शक्तिको नियन्त्रण छ।

मधेश वा थारूको मुद्दालाई लिएर खडा भएका दलहरूले आफ्नो धरातल बिर्सनु हुँदैन। जुन मुद्दालाई लिएर अगाडि बढेका हुन्, त्यसमा हीनताबोध गर्न हुन्न। बरु आफ्नो एजेन्डाबारे अन्य क्षेत्रसँग योजनाबद्ध ढंगमा संवाद गर्नुपर्छ।

त्यसै गरी क्षेत्रीय दलका रूपमा वैधानिक मान्यताको लडाइँ जारी राख्नुपर्छ। कुनै प्रदेशमा कुनै क्षेत्रीय दल मजबुत देखियो भने ठूला दलहरू उसको बैसाखीको अपेक्षा गर्छन्। मूल पक्षचाहिँ मूलप्रवाहीकरणको आयतनलाई फराकिलो र गहिरो बनाउनु हो।सभार इकान्तिपुर

## बिबादित.........

तत्कालका लागि १० जनाको सहयोग समिति गठनगरी जन प्रतिनिधिलाई सो काममा सहयोग गर्ने र छलफललाई निरन्तरता दिदै विद्यालय निर्माणको कार्यलाई सम्पन्न गर्नेगरी सहमती जुटेको छ। साथै जाडो समय भएकोले बिधालय निर्माण नभएसम्म तत्कालका लागि बिधालयको पठन पाठन श्री बिषणु नारायण धर्मशालामा गर्ने निर्णय पनि आजको बैठकले गरेको छ। बिधालय भवनको अभावमा निम्न आय भएकाहरुले आफना सन्तानलाई शिक्षा लिन दुर दराज विधालयमा पठाउन बाध्य भएका छन।

नया जीतेर आएका जनप्रतिनीधिले पनि ठुला ठुला कुराहरु मात्र गर्ने तर समयमा काम नगर्दा आम नागरिकको बिश्वास जन प्रतिनीधिबाट घटदै गएको छ। आजको बैठक वडा नं ५ का वडा अध्यक्ष रामेश्वर साह कलवारको अध्यक्षतामा बसेको थियो।

बैठकमा वडा सदस्य दारासिंह पटेल, उषा देवी राम, उमेश साह, टोलका प्रमुख राजनीति दलका लालबहादुर पटेल, युवा नेता सुनिल पटेल, रामेश्वर पटेल, श्याम राम, सुरेन्द्र पटेल, सुरेश पटेल, प्रमोद यादव, समाजसेवी डा. प्रमोद यादव, प्रध्यापक अर्जुन पटेल, उमेश गुप्ता लगायत सञ्चारकर्मीको पनि उपस्थिति रहेको थियो।

## मानव......

गरिएको छ।

जनप्रतिनिधिहरुले आफ्नो अधिकार प्रयोजन र जनताको अधिकार केहो भनेर स्प्ट पार्न नसक्नुमा आफ्नो क्षमताको कमी र सविधानमा के कुरामा उल्लेख गरेको छ भन्ने बारेमा जानकार हुन जरुरी रहेको बताएका छन्। सामान्य बिषयको कुरा पनि पालिकाहरुमा टुंगो लगाउन नसक्नुले जनताको समस्या जिल्ला प्रहरी कार्यालय र अदालतमा चाङ्ग परिरहेको अधिवक्ता बृजकिशोरले आफ्नो प्रस्तुति गर्ने बेलामा उल्लेख गर्नु भएको थियो।

उनले सबिधानको प्रस्तापनमा मानव अधिकार पाउनु पर्ने सम्पूर्ण उल्लेख गरिएको भए पनि राज्यले त्यो पुरा नगरेको अवस्था रहेको बताए।

राष्ट्रसंघको घोषणापत्रमा १७ बुदे प्रतिबद्धता गर्छु भनेर हरेक देशले हस्ताक्षर गरेको अवस्था भए पनि राज्य चुकीरहेकोले अब यस्ता समस्यालाई समाधान गर्ने सबै पालिकाले आफ्नो निति नियम बनाएर बालबालिकाहरुलाई पढ्ने वातावरण तयार गर्नु पर्ने सुझाव दिनुभएको थियो। सामाजिक संस्था जिल्ला समन्वय समिति पर्साका अध्यक्ष इब्राहिम देवानको अध्यक्षतामा सम्पन्न सो अन्तरक्रिया कार्यक्रममा बहुदरमाइनगरपालिकाको उपमेयर सुश्मा कुमारी कुशवाहा, बिन्दबासनी गाउँपालिकाकी उपाध्यक्ष ज्योति चौरसिया,पुर्व उपाध्यक्ष किरण देवी गुप्ता ,नेपाल पत्रकार महासंघ पर्साका कोषाध्यक्ष संन्जीब मिश्रा,कार्यक्रम निर्देशक रुपक पाण्डे ,चन्देश चौहान,रेडक्रस सोसाइटीक उदयराज शर्मा ,दुलारचन्द साह,विनोद यादव ,लगायतले आ- आफ्नो धारणा राख्नु भएको थियो कार्यक्रमको सहजिकरण ललन पटेलले गरेका थिए।

## डिएभी........

**वार्षिकोत्सव तथा सांस्कृतिक कार्यक्रमलाई सञ्चालक समितिका उपाध्यक्ष एवम् शंकरलाल केडिया डेण्टल हस्पिटलका प्रमुख डा. विजय अग्रवाल, विद्यालय व्यवस्थापन समितीका प्रदीप केडिया, सुनिल केडिया, सौरभ केडिया लगायतले सम्बोधन गरेका थिए।**

**कार्यक्रममा स्कूलका पि.जी. कक्षादेखि १२ कक्षा सम्मका विद्यार्थीहरूले रितिरिवाज एवम् संस्कृतिको जगेर्ना गर्ने किसिमको भेषभुषामा नृत्यसँगै नाटक पनि प्रस्तुत गरेका थिए।**

**स्कुलका प्रिन्सिपल राकेश मिश्राले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको सहजीकरण स्कुलकी शिक्षिका मेघा दधीचले गरेकी थिइन्।**

## बाबा.....

तकदीरको छायांकन शुभ-आरम्भ हुने भएको छ।महान सामाजिक पारिवारिक तथा रियल कहानी प्रति आधारित लव स्टोरी शर्ट मुभी तकदीरको छायांकन पर्साको बिभिन्न लोकप्रिय ठाउँमा हुने भएको डाईरेक्टर कृष्णा पिडीतले बताउनु भयो।बाबा बी फिल्मस् द्वारा प्रस्तुति महान सामाजिक पारिवारिक शर्ट मुभी तकदीरको छायांकन सामाजमा घटित घटना प्रति आधारित रियल कहानी प्रस्तुत गरिएको लेखक कृष्णा हमराहीले जानकारी दिनुभयो।बाबा बी फिल्मस द्वारा प्रस्तुति फिल्म तकदीरको कहानी हाम्रो समाजमा नकरात्मक असर ,बिभेद,कुरिती र बिकृतिलाई अन्तय गरि समाजमा सकारात्मक उर्जा दिने र सही दिशा देखाउने उदेश्यले यो मुभीको निर्माण गरिएको लेखक कृष्णा हमराहीले बताउनु भयो।फिल्म तकदीर मा अभिनय गर्नेमा कैमरामैन तथा डाईरेक्टर कृष्णा पंडीत,लेखक कृष्णा हमराही,मुन्ना मुस्कान, ज्ञानेन्द्र कुमार सिंह, सुरेन्द्र यादव,शिव पटेल,आराध्या श्रीवास्तव,सुनील तिवारी,लगायत अन्य कलाकारहरु रहेका छन।

# यो साताको सेयर बजारमा फाइनान्स र उत्पादनका लगानीकर्ताले धेरै गुमाए

काठमाडौं – यो साता सेयर बजारको परिसूचक नेप्से ४४ अंक घटेको छ। गत साता १९६१ अंकमा बन्द रहेको नेप्से यो साता १९१७ अंकमा बन्द रह्यो।

साताको पहिलो दिन आइतबार २ अंक बढेको नेप्से त्यसपछिका दिनहरुमा भने घटिरह्यो। सोमबार २४, मंगलबार ४ र बुधबार १६ अंक घट्यो।

बिहीबार सार्वजनिक बिदाका कारण कारोबार बन्द रह्यो। कारोबार रकममा भने उतारचढाव देखिएको छ। आइतबार १ अर्ब ५६ करोड, सोमबार १ अर्ब ६७ करोड, मंगलबार ९६ करोड र बुधबार १ अर्ब ६५ करोडको कारोबार भयो।

यो साता उत्पादन र फाइनान्स उपसमूहका लगानीकर्ताले सबैभन्दा धेरै गुमाएका छन्।

यो साता उत्पादन उपसमूह ४.३५ र फाइनान्स उपसमूह ४.१९ प्रतिशत घटे।

शिवम् सिमेन्ट, बोटलर्स नेपाल (तराई) र हिमालयन डिस्टिलरीको मूल्य धेरै घट्दा समग्र उत्पादन उपसमूह बढी प्रभावित रह्यो।

त्यस्तै जीवन बीमा उपसमूह ०.३७, निर्जीवन बीमा १.२८, माइक्रोफाइनान्स ०.९०, विकास बैंक उपसमूह ३.१२, जलविद्युत् २.५५, ब्यापार १.८, अन्य १.२९, बैंकिङ ३.०४, र लगानी उपसमूह १.७५ प्रतिशत घटे।

होटल तथा पर्यटन उपसमूह भने ०.२२ प्रतिशत बढ्यो। कारोबार रकमका आधारमा यो साता शिवम् सिमेन्ट, रिडी पावर, हिमालयन डिस्टिलरी, नबिल बैंक, एनआईसी एसिया बैंक, नेस्डो लघुवित्त अगाडि रहे।

# 'कानुनबिना क्यासलेस र कार्डलेस प्रणाली असम्भव'




काठमाडौं – सरकारले कागजरहित र नगदरहित प्रणाली विकास गर्ने बताइरहेका बेला कतिपय जानकारले भने अहिलेकै अवस्थामा यो सहज र सम्भव नभएको औंल्याएका छन् । नेपालमा सूचना प्रविधि र साइबर सुरक्षासम्बन्धी कानुन र समग्र ढाँचा नै तयार नभएकाले कागजरहित र नगदरहित प्रणालीमा तुरुन्त जान गाह्रो हुने उनीहरूको भनाइ छ ।

'हामी अहिले पेपरलेस ( कागजरहित) वा क्यासलेस (नगदरहित) होइन लेस पेपर र लेस क्यास (कागज र नगदको प्रयोग कम गर्ने) वातावरण बनाउन सक्छौं,' नेपाल इन्टरनेट फाउन्डेसका अध्यक्ष विक्रम श्रेष्ठले भने, 'पूर्ण रूपमा पेपरलेस र क्यासलेस हुन हामीलाई कानुनले समेत दिँदैन । हामीकहाँ न आईटी पोलिसी छ न आईटी सेक्युरिटी पोलिसी !

यसले गर्दा त्यतातिर जान तुरुन्त सम्भव छैन ।'शुक्रबार आयोजित 'डिजिटल फ्रिडम सम्मिट' कार्यक्रममा डिजिटल समावेशिता, डिजिटल पूर्वाधार, डिजिटल सामग्रीको उपलब्धता लगायत विषयमा बोल्दै श्रेष्ठले यसका लागि होलिस्टिक फ्रेमवर्क ( सग्रह ढाँचा) बनाउन आवश्यक रहेको औंल्याए ।

सरकारले भने कागजरहित सरकार निर्माणका लागि एकीकृत कार्यालय व्यवस्थापन प्रणाली विकास गरेर हाल १६ वटा निकायसमा लागू गरेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गत हप्ता सार्वजनिक गरेको आफ्नो ई-बुलेटिनमा आर्थिक वर्ष २०७९/८० मा सिंहदरबार भित्रका थप २० सरकारी निकायमा यो प्रणाली लागु गरिने लक्ष्य राखेको उल्लेख छ ।

त्यस्तै, राष्ट्र बैंकले नगदरहित सेवालाई प्रवर्द्धन गर्दै आएको छ । बैंक तथा वित्तिय संस्थाहरूले पनि यसलाई जोड दिएका छन् । गभर्नर महाप्रसाद अधिकारीले २०७७ मै क्विक रिस्पोन्स (क्यूआर) कोडमार्फत हुने भुक्तानीलाई देशव्यापी अभियानको रूपमा विस्तार गरिने धारणा व्यक्त गरेका थिए । राष्ट्र बैंकले सार्वजनिक गर्ने आर्थिक अवस्थासम्बन्धी रिपोर्टअनुसार मोबाइल बैंकिङ, वालेट, कनेक्ट आईपीएसमार्फत हुने कारोबार बढ्दो छ । तर यो सँगै सुरक्षा चुनौती पनि बढिरहेको जानकारहरू बताउँछन् । डिजिटल कारोबारमार्फत हुने ठगी कम गर्न सरोकारवाल सबैको बराबर प्रयास हुनुपर्ने उनीहरूको भनाइ छ ।**साभार इकान्तिपुर**

# राष्ट्र बैंकद्वारा सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा स्थापना

काठमाडौं – नेपाल राष्ट्र बैंकले सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा स्थापना गरेको छ । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निरीक्षण तथा सुपरिवेक्षण गर्न उक्त महाशाखा स्थापना गरिएको राष्ट्र बैंकले जनाएको छ ।

यसअघि सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सबै काम राष्ट्र बैंकमा रहेको 'फाइनान्सियल इन्टेलिजेन्स युनिट (एफआईयू) मार्फत हुँदै आएको थियो ।

अब उक्त काम सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निरीक्षण तथा सुपरिवेक्षण महाशाखाबाट पनि हुने राष्ट्र बैंकले जनाएको छ ।

शुद्धीकरण मामिलामा निगरानी राख्ने अन्तर्राष्ट्रिय निकाय एसिया प्रशान्त समूह (एपीजी) र फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) द्वारा नेपालको पारस्परिक मूल्यांकन गर्ने टोली अहिले नेपालमा छ । यही समयमा राष्ट्र बैंकले सम्पत्ति शुद्धीकरणसम्बन्धी निर्देशन तथा व्यवस्थाहरु जारी गर्दै आएको छ । नेपालमा सम्पत्ति शुद्धीकरणलगायत वित्तीय अपराधसँग सम्बन्धित गतिविधि ८१ प्रतिशतभन्दा धेरैले बढेको एफआईयूको गत आर्थिक वर्षको वार्षिक प्रतिवेदनले देखाएको छ । बैंक तथा वित्तीय संस्था र अन्य वित्तीय कारोबार गर्ने संस्थाहरुबाट वित्तीय अपराधका उजुरी बढ्नुले त्यस्तो कारोबार पनि बढेको स्वत: पुष्टि हुने जानकार बताउँछन् ।

# देशविदेशमा जुम्लाका उत्पादन




**बजारमा लैजानको लागि जुम्ली सिमी तयार पार्दै किसान । तस्बिर : डीबी/कान्तिपुर**

जुम्ला – 'जुम्ला घर अर्गानिक्स एन्ड सुपर फुड्स' मार्फत गत वर्ष जुम्ली मार्सी, सिमी र कोदो गरी झन्डै ३० टन खाद्यान्न क्यानडा पठाइयो । कम्पनीका सञ्चालक राज शाहीले चितवन स्थायी घर भएका पूर्ण कँडेलसँग सहकार्य गरी जुम्ली उत्पादन क्यानडाका विभिन्न सहरमा पठाएका थिए । कँडेल लायम कर्पोरेसन क्यानडाका प्रमुख हुन् ।

कम्पनीले यस वर्ष १ टन सिमीको दाल र १ टन मासको दाल जापानका बजारमा पनि पठाएको छ । शाहीले १० किलो स्याउको चाना पनि जापान गइसकेको जानकारी दिए । उपहार र कोसेलीका रूपमा पहिले पनि जुम्लाको उत्पादन जापान र क्यानडामा पुगिरहेको छ ।

गत वर्ष अस्ट्रेलियामा झन्डै २५ टन मार्सी चामल र सिमी पनि निर्यात भएको कँडेलको भनाइ छ । जुम्लाघर अर्गानिक्सले कर्णालीमा उत्पादित स्याउ, सिमी, लसुन, दाल, ओखर, मार्सी चामल, कोदोको पिठो, जिम्बु, हर्बल टी, चिनो, कागुनो, टिमुरलगायत सामग्री विश्वका विभिन्न बजारमा पठाइरहेको छ ।

तातोपानी-४ गिडीखोलाका ऋषिराम पाण्डे पनि गत भदौ १२ मा थाइल्यान्ड जाँदा झन्डै एक टन स्याउका चाना र खरायोको ऊनबाट बनेका एक सय टोपी लिएर गएका थिए ।

एसियन क्रेडिट युनियन फर्म-२०२२ मा भाग लिन जाँदा आफूले थाइल्यान्डको बैंककमा जुम्लाका उत्पादन कोसेलीका रूपमा लगेको उनको भनाइ छ । 'सम्मेलनमा विभिन्न १६ देशका प्रतिनिधि भेला भएका थिए, स्याउको चानाको स्वाद सबैले लिए,' उनले भने, 'केही साथीले अर्डरसमेत गरिसकेका छन्, कसरी पठाउने भनेर माध्यम खोजिरहेको छु ।' जुम्लाका हरेक उत्पादनको माग विदेशमा तीव्र भए पनि बर्सेनि उत्पादन घट्दै जानु र व्यावसायिक उत्पादन नहुनु विडम्बना भएको उनले बताए ।

जुम्ला घर अर्गानिक्सले अमेरिकामा दुई वर्षदेखि मार्सी चामल पठाइरहेको छ । गत वर्ष पनि ४० क्विन्टल जुम्ली मार्सी चामल अमेरिका पठाइएको शाहीले जनाए । 'माग उच्च छ तर आयातित खाद्यान्नका कारण किसानले खेतीपातीलाई महत्त्व दिइरहेका छैनन्,' उनले भने, 'व्यावसायिक उत्पादन भए जुम्लाका उत्पादन सबै विदेशमा पठाएर पनि ठूलो रकम भित्र्याउन सकिन्छ ।' धेरै परिणाममा नभए पनि अस्ट्रेलिया, जर्मनी, बंगलादेश, बेलायतलगायत देशमा विभिन्न उत्पादन पठाइरहेको उनको भनाइ छ । मार्सी चामल, ओखर, सिमी, स्याउको चाना, चिनो र कागुनो ती देशहरूमा गइरहेको हो ।

खलंगास्थित चन्दननाथ सहकारीले पनि स्थानीय उत्पादन संकलन गरेर काठमाडौंसम्म पठाइरहेको छ । गत वर्ष हिमालयन बहुउद्देश्यीय सहकारीले करिब ३० टन स्याउ बंगलादेश पठाएको थियो । बाहिरबाट आउने खाद्यान्नका कारण रैथाने बाली उत्पादनमा गिरावट आइरहेको स्थानीय किसान जीवनबहादुर बुढाले बताए । 'रैथाने बालीमा रोग किराको प्रकोप पनि धेरै छ, उत्पादन पनि सोचेअनुसार हुँदैन,' उनले भने, 'त्यसैले उन्नत जातका बालीहरू लगाउनुपर्ने बाध्यता छ ।'

जुम्लामा २ हजार ८ सय ५० हेक्टरमा मार्सी धान लगाइन्छ भने उत्पादन बर्सेनि ६ हजार १ सय २७ टन हुने गरेको छ । त्यस्तै यो वर्ष चिनो ६५, कागुनो १५, सिमी ४ सय ७१ टन उत्पादन भएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ ।

जुम्लाको ३४ हजार ४ सय ८६ हेक्टर क्षेत्रफलमा कृषि खेती हुन्छ । जुम्लाको उत्पादनले अर्गानिक प्रमाणीकरण नपाउँदा विदेशी बजारमा सहजै लैजान समस्या भएको कार्यालयका प्रमुख गणेश अधिकारीले बताए । 'अहिलेसम्म यहाँका उत्पादन क्यानडा, अस्ट्रेलिया र जापानमा ठूलो परिणाममा गइरहेका छन्,' उनले भने, 'अरु देशमा पठाउन पनि संघीय सरकारले पहल गर्न आवश्यक छ ।' कार्यालयले काठमाडौंसम्म पठाउन मात्र सिफारिस दिन्छ । विदेश लैजानका लागि कृषि मन्त्रालय र क्वारेन्टाइनको सिफारिस चाहिने उनले जानकारी दिए ।**साभार इकान्तिपुर**

## सत्ता....

क्षमता बढाउनु परेको छ भने दल वा उम्मेदवारले गर्ने खर्चको स्रोतको मुहानको व्यवस्थापन त्यत्तिकै जरुरी छ। सबैभन्दा महत्तवपूर्ण पाटो भनेको राजनीतिक दलहरूले असल उम्मेदवार अगाडि सार्ने माहोल बनाउने वातावरण निर्माण झनै जरुरी छ।

संसारभर अचेल निर्वाचन प्रचारप्रसार लगायतका कुरामा डिजिटल प्लेटफर्मको बाहुल्य बढेको छ। हाम्रो यो निर्वाचनमापनि यसको व्यापक प्रयोग भएको छ। यसले के देखाउँछ भने अबका निर्वाचनको प्रतिस्पर्धाको निर्णायक भूमिका प्रविधिले खेल्नेछ। त्यसैले, यसका सकारात्मक पाटोलाई हाम्रो प्रणालीलाई दह्रो बनाउन कसरी प्रयोग गर्ने ? चुनौती छ।

साधन, स्रोत र क्षमताको व्यवस्थापन गर्ने पक्ष पनि छ। अर्कोतिर, प्रविधि खास गरेर सोसल मिडियाहरूको दुरुपयोग गरी झूटा, भ्रामक र गलत सूचना प्रवाहको नियमन ठूलो चुनौतीको रूपमा आएकोछ। गलत र भ्रामक सूचनाले निर्वाचन परिणाम प्रभावित पार्न नसकोस् ती चुनौतीहरूको व्यवस्थापन गर्न सक्नेगरी हाम्रो राष्ट्रिय क्षमता बढाइनुमा छ।

अबका दिनमा निर्वाचनको सन्दर्भमा यी दुइटा कुरा प्राथमिकताको विषय हुने देखिएको छ अर्थात् मनि पोल्टिक्सर डिजिटल प्लेटफर्मको प्रयोग। यो निर्वाचनमा गत चुनावको तुलनामा केही कम मत खसेको छ। कम मतदाताको सहभागिताका धेरै कारण हुन सक्लान्। जस्तो, प्राविधिक पक्ष हेर्दा-मतदाताको ठूलो हिस्सा देश बाहिर छ। मंसिरको समयमा कृषकको प्राथमिकता बाली भित्र्याउने समय हो।

तर, यसभन्दाअरू राजनीतिक पाटोले बेसी प्रभाव पारेजस्तो लाग्छ। जस्तै, हिजोको परम्परावादी दलहरूको काम, कारबाही र व्यवहारबाट विरक्तिएको मतदाता 'आ के जानु ?' 'तिनीहरू नै आउने हुन् के भोट दिनु ?'

भन्नेजस्तो निराशाले केहीलाई रोक्यो। त्यस्तै, चुनाव पहिलेको गठबन्धनका कारण आफूले परम्परागत हिसाबले मत हालिरहेको दलको चिह्न छैन वा उम्मेदवार छैन भने मेरो उम्मेदवार नै छैन किन भोट हाल्न जाने ? भन्ने मानसिकता रह्यो। मतदान घटाउने यी राजनीतिक कारणलाई राजनीतिक दलहरूले गम्भीर रूपमा लिन जरुरी छ।

यो निर्वाचनको आउँदै गरेको परिणामले केही नयाँ शक्तिको उदय हुने देखाएको छ। यसका पछाडि कारण धेरै हुन सक्छन्। अझै पनि, मतदाताहरूको ठूलो हिस्सा भनेको पार्टीमा परम्परागत आबद्धता नै हो। तर, यसपालि तिनै मतदाताले र प्रत्येक निर्वाचनमा आफ्नो निर्णय बदल्ने (स्विङ भोटर) मतदाताले आफ्नो परम्परागत सोच बदलेको देखिन्छ। हिजोका ठूला दलको जुन अनुपातमा मत घटेको छ, त्यही हाराहारीमा नयाँ दल वा नयाँ नेतृत्वमा चुनावमा गएको दलका उम्मेदवारको मतको हिस्साले देखाउँछ। यसमा पनि खासगरी दुईवटा कारण निर्णायक बनेकि भन्ने लाग्छ। पहिलो, आफ्नो दलबाट आम कार्यकर्ताको रोजाइमा परेका उपयुक्त उम्मेदवारको अभाव। दोस्रो, ती दलले विगतमा सरकारमा हुँदा वा बाहिर हुँदा गरेका उत्ताउला वा सत्ताकेन्द्रित घिनलाग्दा क्रियाकलाप। उनीहरूमाथि आमआरोप थियो कि यी सत्ताकेन्द्रित भए जनता केन्द्रित हुन सकेनन्। मुलुकका हुन सकेनन्, आफ्ना लागि मात्र केन्द्रित भए।

केही समय पहिले गरिएको स्थानीय तहको निर्वाचनमा देखाएका परिणामका प्रवृत्तिलाई हेरेर राजनीतिक दलहरू सुध्रिएलान् भन्ने थियो। आफ्ना उम्मेदवार छनोट र निर्वाचन व्यवस्थापनमा विशेष ध्यान देलान् भन्ने आमअपेक्षा थियो। तर जनताको त्यो भावनाको कदर गर्न यी दलहरूले आवश्यक ठानेनन् र चुके। जसका लागि निर्वाचनको परिणामले संकेत गरेको छ। बुझ्नेलाई इशारा काफी छ। अब कसैको एकल बहुमत नहुने भयो। न प्रदेशमा हुने भो न केन्द्रमै। यति धेरै दल संसद्मा पुगेको अवस्थाले संसद् चलाउने काममै जटिलता पक्कै हुन्छ। समानुपातिक तर्फको मत धेरै दलमा बाँडिँदा जुन तहमा संसद् समावेशी हुनुपर्ने थियो, त्यो तहमा नहुने अवस्था देखिँदैछ। सरकार बनाउने विषय पनि सकसपूर्ण देख्छु। सरकार बनाउन के कस्ता सम्झौता हुने हुन्, के कस्तो लेन देन सुरु होला ? यसले देशलाई कुन बाटोमा लैजाला ? यो जटिल परिस्थितिमा बन्ने सरकारले सबैभन्दा चिन्ता र चासो मुलुकले चाहेको स्थिरता र सुशासन कत्तिको दिन सक्ला भन्ने हो । धेरै प्रश्न तेर्सिएका छन्।

आशाको किरणका रूपमा पुराना दलहरूबाट केही भरोसा गर्न सकिने र आशालाग्दो युवा निर्वाचित भएका छन्। तिनको क्षमतालाई प्रयोग गर्नेतिर दलहरूले कत्तिको प्राथमिकता दिने हुन्, हेर्न बाँकी नै छ। त्यस्तै, केही नयाँ दलहरू निर्वाचनबाट स्थापित भएका छन्। अबको संसद्को गणित हेर्दा उनीहरूको निर्णायक भूमिका रहन सक्ने अबस्था देखिँदैछ। सरकार बनाउने र गिराउने अभ्यासमा उसले आफूलाई कहाँ उभ्याउँछ, हेर्न बाँकी छ। सरकारमा जाने कुरा वा संसद्मा सशक्त प्रतिपक्ष कुन भूमिका उसले रोज्छ, हेर्न बाँकी नै छ। आफ्नो भूमिकालाई कसरी बचाउँदै जनताले जुन विश्वास गरेर मत दिएका छन् र उनीहरूमाथि आशा र भरोसा गरेका छन्, त्यो भूमिका निर्वाह त्यति सहज छैन। किनभने एउटा त दलको रूपमा बनिसकेकै अवस्था छैन। संगठनहरू छैन। हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सक्ने संख्या र शक्ति संसद्मा छैन।

यस सन्दर्भमा, यी नयाँ खेलाडीहरूले अब हिजोका पात्रहरूलाई सुधार्न, व्यवहार परिवर्तन गराउन कसरी संसद् वा सरकारमा रहेर हस्तक्षेपकारी भूमिका खेल्छ ?

त्यसैबाट उनको पौरख जाँच हुन्छ। यस हिसाबले 'आफ्नो साख जोगाउन' उनलाई त्यत्तिकै चुनौतीपूर्ण छ। यो संसदीय अभ्यासमा उनले खेल्ने भूमिकाले आगामी पाँच वर्षपछिको मतदानमा मतदाताले गर्ने मूल्यांकनको पक्षलाई पक्कै हेक्का राख्लान्।

प्रमुख दलका नेतृत्व तहमा रहेकाहरूको गतिविधि हेर्दा आजसम्म 'म अघि सार्छु' भन्ने कुनै पनि नेतृत्वबाट संकेत मिलेको छैन। यो चुनावपछि अलिकति नयाँहरूले नेतृत्वमा जान सक्ने आशा गर्न सकिन्छ कि भन्ने कल्पना पनि थियो। तर त्यो देखाउँदैन। जुन कुरा मुलुकका लागि त्यति सुखद र शुभ संकेत होइन। तर के गर्ने ? संसदीय व्यवस्था मानेपछि यसकै प्रक्रियाबाट आएको परिणामलाई स्वीकार गर्नुबाहेक विकल्प पनि त छैन।

तर एउटा कुरा भने ठोकुवा गरेर भन्न सकिन्छ, अबको पाँच वर्षमा पनि सच्चिन नसक्ने पात्र अरूको कारणले होइन, अपितु आफ्नै कारणले नासिएर जानेछन्।

पोखरेल, पूर्वप्रमुख निर्वाचन आयुक्त हुन्। **साभार अन्नपूर्णपोष्ट्**